# सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम बुढाथोकिले गाउँसभाको सोह्रौं अधिवेशनमा पेश गर्नु भएको आ.व. २०८१/०८२ को

# नीति तथा कार्यक्रम

सुनिलस्मृति गाउँपालिका

रोल्पा जिल्ला

लुम्बिनी प्रदेश

२०८१/०२/२४

**सम्मानित सोह्रौं गाउँसभाका सभा सदस्यज्यूहरु,** विभिन्न राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु, संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, समाजसेवी तथा बुद्विजीविहरु, पत्रकार, सुरक्षाकर्मी, सम्पूर्ण कर्मचारीहरु, सभामा उपस्थित तथा प्रत्यक्ष रेडियो प्रसारण तथा सामाजिक सञ्जालबाट स्वदेश तथा विदेशमा रहनु भइ सुनिरहनु तथा हेरीरहनुभएका सम्पूर्ण सुनिलस्मृति गाउँपालिका वासि आमा बुवा, दाजुभाइ तथा दिदीवहिनीहरु,

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय तथा प्रदेश सरकारका मार्ग निर्देशन, सुनिलस्मृति गाउँपालिकाको नीति, आवधिक विकास योजनामा व्यवस्था भए वमोजिम गाउँ कार्यपालिकाको तर्फबाट आर्थिक वर्ष २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम यस गाउँपालिकाको सम्मानित सभामा पेश गर्न पाउदा गौरवको महसुस गरेको छु । यस गौरवपूर्ण अवसरमा राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण एवंम् ज्ञात अज्ञात शहिदहरु तथा बेपत्ता, घाइते र असहाय नागरिकहरुलाई उच्च सम्मानका साथ शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै घाइते, अपाङ्गहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था जस्तो महत्तम शासन व्यवस्था सहितको अग्रगामी परिवर्तन ल्याउन भौतिक अभौतिक रुपमा योगदान गर्नुहुने सम्पूर्ण आम नागरिक, राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, लेखक, विद्यार्थी, शिक्षक, कर्मचारी, कुटनीतिक नियोग, गैर सरकारी संघ संस्था र अन्तर्राष्ट्रिय समुदाय समेतलाई यो अवसरमा उहाँहरुको योगदानको उच्च कदर गर्दै अन्तस्करण देखि हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

संघात्मक शासन व्यवस्था सहितको राज्यको पुनर्संरचना पश्चात संविधानतः गठीत स्थानीय सरकारले दोस्रो कार्यकालको दोश्रो वर्ष व्यतित गरिरहँदा नेपालको संविधानको अनुसूची-८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची भित्र रहेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि संविधानको मर्म र भावना अनूरूप नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षालाई पूरा गर्न सुनिलस्मृति गाउँपालिकाले आफ्नो राजनीतिक, आर्थिक, न्यायिक र प्रशासनिक कार्यहरु प्रभावकारी तवरले सञ्चालन गर्दै आइरहेको छ ।

आम नागरिकको संलग्नतामा नागरिकको माग र आवाजलाई संवोधन गर्दै जनताको बृहत्तर हित र कल्याणकारी व्यवस्था मार्फत शासकीय सन्तुष्टि प्रदान गर्नु, जनताका साना देखि ठुला समस्याहरुको हल खोज्नु, स्थानीय नेतृत्वको विकास गर्दै सामाजिक साँस्कृतिक रुपान्तरणमा टेवा पुर्‍याउनु, स्थानीय रुपमा उपलव्ध स्रोत साधनको अधिकतम् परिचालन गर्दै रोजगारी सिर्जना गर्ने र आम नागरिकको जिविकोपार्जनमा अपेक्षित सुधार ल्याउने गरी स्थानीय सरकारले काम गर्नु पर्ने शासकीय जिम्मेवारी रहेको छ । उक्त शासकीय जिम्मेवारीलाई मिहीन ढङ्गले बुझेको निर्वाचित जनप्रतिनिधिले सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई आत्मसाथ गर्दै संघीय सरकार, प्रदेश सरकार संगको समन्वय, सहयोग, साँझेदारी र सहकार्यमा उपलव्ध प्रशासनिक संयन्त्रको कुशलतम परिचालन गर्दै जनहितलाई

केन्द्रविन्दुमा राखेर काम गरिरहेको व्यहोरा यस सम्मानित सभा मार्फत आम सुनिलस्मृति वासि नागरिक लाई अवगत गराउन चाहान्छु । यस बीचमा आर्थिक सामाजिक विकासको क्षेत्रमा जनताले महसुस गर्न सक्ने गरी विकासका प्रयासहरु नभएका होइनन् । स्थानीय सरकारले सांगठनिक सक्षमता हाँसिल नगरिसकेको, वित्तीय श्रोतको न्यून उपलव्धता, अधिक महत्वकांक्षा लगायतका कारणले अपेक्षित उपलब्धी हासिल गर्न नसकेको विगतको परिस्थिति हो । वर्तमान सन्दर्भमा स्थानीय तहको संस्थागत सवलीकरण तथा सुदृढीकरण भई स्रोत परिचालन क्षमतामा क्रमश: दक्षता हासिल हुदै आएको, आवश्यक कानूनी पूर्वाधारको निर्माण हुदैं गएको, अनुभवी र व्यावसायिक कर्मचारी संयन्त्र, कुशल नेतृत्व, असल सोच सहितको प्रतिवद्ध र उर्जाशील जनप्रतिनिधि, जनताको चेतना स्तरमा भएको सकारात्मक विकासका साथै द्रुतत्तर सूचना प्रविधिको विकास र यसको प्रयोगले  गर्दा अवका दिनहरुमा जनताको ईच्छा र चाहनाहरुलाई पूरा गर्न सुनिलस्मृति गाउँपालिका सक्षम रहेको  प्रतिवद्धता समेत व्यक्त गर्न चाहान्छु । स्थानीय तहलाई संविधानतः राजनीतिक, आर्थिक र प्रशासनिक अधिकार निक्षेपण गरिएको अवस्थामा निर्वाचन पश्चात गठीत राजनीतिक संरचनाले प्राप्त राजनीतिक अधिकारको निर्वाध प्रयोग र अभ्यास गरिरहेको भएतापनि स्थानीय तहहरु आन्तरीक राजस्व संकलन गर्न प्रयाप्त स्रोत र क्षेत्रगत आधारहरुको सीमितता कारण आर्थिक रुपमा आत्म निर्भर हुन नसक्नु, राजस्वको अधिकार र खर्च जिम्मेवारीमा रहेको ठुलो अन्तर पूरा गर्न प्राप्त हुने अन्तरसरकारी वित्तीय सहायताको प्रयाप्तता नहुनु, प्रशासनिक संघीयताको संवैधानिक मर्म वमोजिम आवश्यक कानुन लामो समयसम्म निर्माण हुन नसक्दा राज्य सञ्चालनको मियो संयन्त्रको रुपमा रहेको कर्मचारी प्रशासन सञ्चालनमा सहजता नदेखिएको जस्ता कारणवाट स्थानीय सरकार सञ्चालनमा प्रयाप्त सम्भावना हुँदाहुँदै केहि चुनौतिहरुको सामना गर्नु परेको व्यहोरा सर्व विदीतै छ ।

**सभा सदस्यज्यूहरु,**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विभिन्न विषयगत ऐन नियमहरु, नेपालको सोह्रौं योजना, दिगो विकासको लक्ष्यहरु, लुम्विनी प्रदेशको आवधिक योजना, संघीय सरकार तथा प्रदेश सरकारबाट विभिन्न मितिमा जारी गरिएका नीति, मार्गदर्शन तथा सुझाव, स्थानीय तहको योजना तर्जुमा दीग्दर्शन, २०७८, सुनिलस्मृति गाउँपालिकाको वार्षिक योजना/कार्यक्रम तथा वजेट तर्जुमा दिग्दर्शन, २०८०, सुनिलस्मृति गाउँपालिकाको आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना, यस गाउँपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, आचारसंहिताको परिधिभित्र रही राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकको निर्णय, गाउँ कार्यपालिकाका विभिन्न मितिमा भएका निर्णय, आम नागरिक, बुद्धिजिवि र सरोकारवालाहरुबाट प्राप्त सुझाव, जनताका आवश्यकता, हाम्रो राजनीतिक प्रतिवद्धता समेतलाई ध्यानमा दिइ योजनावद्ध विकासको अवधारणा अनुसार आगामी आ.व. का साथै दीर्घकालीन लक्ष्य सहितको सुनिलस्मृति गाउँपालिकाको सोच तथा नीति पत्रको रुपमा यो  नीति तथा कार्यक्रम निर्माण गरिएको छ ।

**सभा सदस्यज्यूहरु,**

**अव म सुनिलस्मृति गाउँपालिकाको विद्यमान अवस्था, अवसर र चुनौतिहरु तथा लक्ष्य हासिल गर्नका लागि गाउँपालिकाबाट भएका महत्वपूर्ण प्रयासहरुको समीक्षा प्रस्तुत गर्दछु ।**

**बिद्यमान अबस्था :-**

- परम्परागत र भौतिक रुपमा गरिदै आएको कृषि, पशुपालन, रुग्ण, लघु र घरेलु उद्योग, पर्यटन पूर्वाधारको आधुनिकीकरण गर्दै उत्पादन र उत्पादकत्वमा क्रमशः वृद्धि हुदैं गएको छ ।
- शिक्षा स्वास्थ र लैंगिक पहिचान सुनिलस्मृतिको दिगो अभियान भन्ने नारा सहित सामाजिकीकरण तर्फ उन्मुख रहेको छ ।
- सडक सञ्जाल, कार्यालय भवन, विद्यालय भवन, सिचाई कुलो निर्माण, खानेपानी पूर्वाधार लगाएत भौतिक पूर्बाधारको बिकास र बिस्तार हुदै गएको छ ।
- दिगो वन ब्यबस्थापन मार्फत काष्ठजन्य बस्तुको उत्पादन, उपयोग र पैठारी गरिएको छ ।
- फोहोरलाई मोहोरमा बदल्ने योजना अनुरुप, स्वास्थ र स्वच्छ पालिकाको विकास हुदै गएको छ ।
- म बनाउछु मेरो पालिका भन्ने नारालाई सार्थक पार्न सेवा प्रवाह र सुशासनलाई सेवाग्री मैत्री, जवाफदेही, पारदर्शी र गुणस्तरीय तथा प्रविधीमैत्री बनाउँदै लगिएको छ ।

**अवसर :-**

- संविधानतः प्राप्त अधिकारको निर्वाध उपयोगका माध्यमवाट उपलब्ध स्रोत र साधनको न्यायोचित वितरणको ब्यवस्था मिलाई अधिकतम् जनसहभागिता परिचालन गरि गाउँपालिकाको समृद्धी र विकासको ढोका खोल्न सकिने अवसर प्राप्त भएको छ ।
- स्थानीय प्राकृतिक स्रोत-साधनको दिगो उपयोग,रैथाने वालीहरुको प्रर्वद्धन,कृषि तथा पशुपालनको आधुनिकिकरण र ब्यावसायिकरण गरी गाउँपालिकालाई समुन्नत र आत्मनिर्भर गराउन सकिने अवसर रहेको छ ।
- जनताको नजिकको सरकार स्थानीय सरकार भएकोले कानुनी हकको कार्यान्वयनका लागि आवश्यक नीति तर्जुमा गरी दीर्घकालीन सोचका साथ रणनिति र कार्यनीति वनाई गुणस्तरीय, प्रविधिमैत्री र नागरिकमैत्री सेवा प्रवाहका माध्यमवाट जनआकांक्षा पुरागर्ने अवसर रहेको छ ।

**चुनौति :-**

- संस्थागत क्षमताको विकास, नेतृत्त्व सीपमा दक्षता वृद्धि, जनअपेक्षा संवोधन गरी संविधान प्रदत्त अधिकारको प्रभावकारी प्रयोग गर्दै गाउँपालिकालाई आत्मनिर्भर बनाउनु ।
- संघ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकारिता र सहअस्तित्वको व्यवहार कायम र विकास गर्नु ।
- सिमित साधन श्रोतबाट असिमित आवश्यकता पूरा गर्ने र उपलब्ध श्रोतको न्यायोचित वितरण कायम गर्नु ।
- कानुनी पूर्वाधारको निर्माण गरी प्राप्त अधिकारको निर्वाध प्रयोग र अभ्यास गर्नु ।

**सम्भावना :-**

- दिगो आर्थिक विकासको मुख्य संवाहकको रुपमा रहेको कृषि क्षेत्रमा स्थानीय रैथाने बाली, फलफुल तथा बनस्पती (जस्तो: मास, भटमास, टिमुर, सुन्तला, अदुवा, चिउरी आदी) को व्यावसायीकरण, विविधिकरण, उद्यमिकरण र यान्त्रीकरण गर्दै रोजगारी सृजना र आर्थिक उपार्जनका माध्यमबाट स्थानीय अर्थतन्त्रलाई मजवुत र आत्मनिर्भर बनाउन सकिने प्रचुर संभावना रहेको छ ।
- यस गाउँपालिकाको भौगोलिक अवस्था र संभावनाको दृष्टिले उन्नत जातको भैसी, बाख्रा, वंगुर तथा कुखुरा पालनलाई व्यावसायिकरण गरी किसानको आयस्तरमा वृद्धि ल्याउनुका साथै पोषणस्तरमा सुधार ल्याउन सकिने संभावना रहेको छ ।
- यस गाउँपालिकामा रहेका धार्मिक, सांस्कृतिक, मौलिक, ऐतिहासिक, प्राकृतिक र प्राचिन महत्वका गन्तव्यहरु (जस्तैः वडा नं. १ रेडस्वायल पार्क, शिब गुफा,डरनी खोला सिलाजित पहर वडा नं. २ त्रिपुरेश्वरी मन्दीर, शिब पाञ्चायन मन्दिर, खुंग्रीकोट दरबार वडा नं. ३ को हर्रे धारा, वडा नं. ४ को भगाने गुफा, वडा नं. ५ को रातोभीर वडा नं. ६ गजुलकोट दरवार, सुनिलपार्क र थामलेक वडा नं. ७ रहेको लिस्ने लेक, मालरानी कोट र वृहत राज्य पोखरी साथै वडा नं. ८ को हलहले, थामलेख, ढुंगेसाघु, दमदमे,महापोखरी,शिद्धचुली)को सौन्दर्यकरण, पुनः निर्माण, संरक्षण, संवर्द्धन र प्रचारप्रसार गरी आन्तरिक पर्यटनको गन्तव्यको रुपमा विकास गर्न सकिने प्रचुर संभावना रहेको छ ।
- स्थानीय परम्परा भेषभुषा, कला, साहित्य, मेला लगायतका सांस्कृतिक अवयवहरुको संरक्षण र सम्वर्द्धन गरी मौलिकताको विकास र पश्चिमिकरणको प्रभावलाई कम गर्न सकिने संभावना छ ।
- भू-उपयोग योजना,बस्ती बिकास,सडक यातायात गुरुयोजना तथा जलाधार क्षेत्रको संरक्षण, सम्बर्द्धन र रणनैतिक लक्ष्य निर्धारण गरि गाउँपालिकालाई समुन्नत, खुसी र सुखि बनाउने प्रचुर सम्भावना रहेको छ ।

**सभा सदस्यज्यूहरु, अव म आ.व. २०८०/०८१ को संक्षिप्त समीक्षा पेश गर्ने अनुमति चाहान्छु ।**

- **"स्वच्छ पर्यावरणः स्वस्थ जिवन"** भन्ने नारासहित एक घर एक करेसा वारिको कार्यक्रम ५२८ घरधुरीमा कार्यान्वयन गरी जनताको खाद्य तथा पोषण सुरक्षाको प्रत्याभुत गरिएको ।
- किसानहरुमा कृषि सम्वन्धी प्राविधिक तथा व्यवहारिक सीपको विकास गर्दै घरघरमा कृषि प्राविधिक उत्पादन गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न कृषि ज्ञान सञ्चार कार्यक्रम लागु गरि कृषि बालि तथा पशुपंक्षीमा देखिएका रोगकिराहरुबाट बचाउन ७१० कृषकहरुलाई परामर्श सेवा उपलब्ध गराईएको छ ।
- कृषिमा प्रदान गरिने अनुदान कार्यलाई परिणाम र प्रभावको आधारमा मूल्यांकन गरी वास्तविक लक्षित वर्गमैत्री बनाउन अनुदानमा तरकारी तथा खाद्यान्न तर्फ १२७ जना कृषकहरुलाई २८ सय केजी गहुँको उन्नत विउ वितरण गरिएको छ ।

- किसान सूचिकरणका लागि  गणकहरु छनौट गरी वडा नं. १ देखि ५ सम्मको तथ्याङ्क संकलन गर्ने कार्य भैरहेको छ ।
- एक घर एक करेसावारीको नीतिलाई कार्यान्वयन गरिएको छ ।
- एक वडा एक कृषि तथा पशुपन्छी  प्राविधिक जनशक्ती व्यवस्थापन गर्ने कार्य सुनिश्चित गरिएको छ ।
- गाउँपालिकामा चालु आ.व.को अन्तिम एघार महिनाको तथ्याङ्क अनुसार कृत्रिम गर्भाधान सेवा प्रदान गरी कुल १६३ गाई, भैसी तथा बाख्राहरुमा उन्नत जातको नश्ल सुधार गर्ने काम गरिएको छ ।
- गाउँपालिकाको सवै वडाहरुमा पशु प्राविधिकहरुको व्यवस्थापन गरी पशुपंक्षिको क्षेत्रमा प्राविधिक सेवा उपलब्ध गराईएको छ ।
- पशु चौपायमा देखिने महामारीजन्य रोग नियन्त्रणका लागि पशु स्वास्थ्य शिविर सञ्चालन गरी २ सय ५९ घरधुरीका ७ हजार २ सय ७५ पशुपंक्षिहरुको उपचार गरिएको छ । साथै लम्पी स्किन रोगको रोकथामका लागि २ हजार २ सय डोज खोप, खोरेत रोगको ८ हजार डोज खोप, भेडा बाख्रामा पि.पि.आर. रोग विरुद्धको १५ हजार डोज खोप र रेविज रोग विरुद्धको ३२८ डोज खोप लगाइएको छ ।

**सभा सदस्यज्यूहरु :-**

- गाउँपालिकालाई कार्यक्षेत्र बनाएर दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुको तथ्याङ्क संकलन गर्ने काम सम्पन्न गरिएको छ ।
- सहकारी क्षेत्रलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन तथा नियमन कार्यलाई व्यवस्थित गर्न सहकारी व्यवस्थापन सूचना प्रणाली (CoPoMS) प्रशिक्षक प्रशिक्षण तालिममा गाउँपालिकाको तर्फबाट २ जना कर्मचारीलाई सहभागी गराई सहकारी क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्नेकाम गरिएको छ ।
- पर्यावरण र वातावरण संरक्षणको साथै स्वच्छ खानेपानिको आपूर्ति र सिचाइको लागि जलाधार क्षेत्रको पहिचान गरी जलाधार क्षेत्र संरक्षण गर्न कुल  ९ वटा खानेपानीको मुहान दर्ता गरिएको छ भने फलफुल तथा वनस्पती जन्य करिव ११ हजार विरुवा वृक्षारोपण गरिएको छ ।
- पर्यटन पूर्वाधार क्षेत्रको विकास संरक्षण र सम्वर्द्धन गर्ने काम गरिएको छ ।
- गाउँपालिकामा सूचिकृत ८ सय ६८ जना बेरोजगारहरुबाट छनौटमा परेका ७५  बेरोजगार व्यक्तिहरु मध्ये ६५ जना वेरोजगार व्यक्तिहरुलाई अभीमूखीकरण तालिम प्रदान गरिएको छ । **"श्रमको सम्मान : राष्ट्रको अभियान"** अन्तर्गत पालिका भित्रका ७४ जना व्यक्तिलाई रोजगार सम्बन्धी विषयमा अभिमुखिकरण गरिएको छ ।
- वैदेशिक रोजगारीमा जान चाहने ३५ जना व्यक्तिहरुका लागि श्रम स्वीकृति लिने सम्बन्धमा सहजिकरण गरिएको छ । साथै वैदेशिक रोजगारीका क्रममा मृत्यू भएको १ जना व्यक्तिको शव स्वदेश ल्याउन र मृतकका परिवारलाई नियमानुसार प्रासहुने आर्थिक सहायताका लागि सहजिकरण गरिएको छ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिका भित्र छनौटमा परेका १७ वटा योजनाहरु सञ्चालन गरि कुल ७५ जना वेरोजगार व्यक्तिहरुलाई १०० दिनको रोजगार प्रदान गरिएको छ ।
- प्राथमिक स्वास्थ्य केन्द्रवाट प्रवाह हुने स्वास्थ्य सेवालाई चुस्त र प्रभावकारी वनाउन लुङ्ग्रि गाउँपालिका र सुनछहारी गाउँपालिका संग समन्वय र साँझेदारीमा फार्मेसी सेवा सञ्चालनको प्रकृया अगाडि बढाइ सञ्चालनको अन्तिम चरणमा रहेको छ ।
- आधुनिक जिवन शैली संगै मानिसमा देखा पर्ने मोटोपना, मनोसामाजिक समस्या लगायतका समस्यालाई योग र ध्यानको माध्यमवाट प्रभावकारी रुपमा न्यूनीकरण गर्न यसै वर्ष देखि नियमित योग तथा ध्यान अभ्यास सम्वन्धी शिविर सञ्चालन गर्ने कामको थालनी गरिएको छ ।
- विपन्न आय भएका परिवारलाई गाउँपालिका र सहयोगी संस्थाहरुसंगको समन्वय, सहकार्यमा सुनौलो हजार दिनका आमा तथा बालबालिकाहरुलाई पोषणयुक्त खानाको पहुँच वृद्धि गरिएको छ ।
- संस्थागत सुत्केरी लाई प्रवर्द्धन गर्दै शुन्य होम डेलिभरी  कायम गर्न सुत्केरीलाई यातायात वापत गाउँपालिकाको तर्फवाट  थप एक हजार प्रोत्साहन रकम उपलव्ध गराईएको छ र उक्त सेवाबाट ३ सय भन्दा वढी सुत्केरी महिलाहरु लाभान्वित भएका छन् ।
- उपाध्यक्षसंग गर्भवती जाँच कार्यक्रम मार्फत ४ सय भन्दा वढी गर्भवती महिलाहरुलाई निःशूल्क नुन, सावुन र भिडियो एक्सरे सेवा उपलब्ध गराईएको छ ।
- चालु आ.व.मा वडा नं. ६ को पानी पोखरामा गाउँघर क्लिनिक भवन र वडा नं. ८ गाउँघर क्लिनिक भवनमा पलाष्टर, रङरोगन र शौचालय निर्माणको काम सम्पन्न गरिएको छ । वडा नं. १ थुम्पाकीको निर्माणाधिन सामुदायिक स्वास्थ्य इकाई केन्द्र भवन निर्माण सम्पन्न गरि सञ्चालन प्रकृया अगाडि बढाइएको छ ।

**सभा सदस्यज्यूहरु :-**

- शिक्षा क्षेत्रको विकासका लागि गाउँपालिका भित्र रहेका विद्यालयहरुमा विद्यार्थी संख्या र शिक्षकको अनुपात विश्लेषण गरी आवश्यकता अनुसार विद्यालय तथा कक्षा समायोजन र शिक्षक दरवन्दी मिलान गर्नका लागि आवश्यक कानुनको तर्जुमा गरी कार्य प्रकृया अगाडि बढाइएको छ ।
- सहयोगी हातहरुको समुह सहास नेपालसँगको साझेदारीमा स्थानीय पाठ्यक्रम "सुनिलस्मृति पहिचान" निर्माण गरि कक्षा १ देखि ८ सम्म लागू गरिएको छ ।
- माध्यामिक विद्यालयमा अध्यनरत किशोर किशोरीहरुलाई मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ ।
- गाउँपालिकाबाट अनुदान दिइ नियुक्त शिक्षकहरुको लागि पोषाक र चाडपर्व खर्च भत्ताको व्यवस्था गरिएको छ । वालविकासका शिक्षक र विद्यालय कर्मचारीको तलवमानमा नेपाल सरकारले तोकेको न्युनतम् मापदण्ड अनुकुल बनाइएको छ ।
- गरीवि निवारण गर्न, महिलाहरूमा उद्यमशीलता विकास गरी स्वरोजगार बनाउन र स्थानीय स्रोत साधनको प्रयोग गरी व्यवसायिक बन्ने र आयआर्जन गर्न सक्ने बनाउन २३ जना महिलाहरूलाई

व्यवसायिक योजना निर्माण तथा उद्यमशीलता विकास तालिम र सिस्नो पाउडर तथा सर्वोत्तम पिठो उत्पादन तालिम प्रदान गरिएको छ ।

- लैङ्गिक हिंसामा परेका महिलाहरूको संरक्षण र संवर्द्धन गर्नको लागि अल्पकालीन आवास गृह स्थापना गरिएको छ भने लैङ्गिक हिंसा निवारणकोषमा दुई लाख, जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न र राहत उपलव्ध गराउन बाल संरक्षण कोषमा दुई लाख र अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण गर्न पचास हजार रकमको अपाङ्गता संरक्षण कोष स्थापना गरिएको छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण वृद्धि तथा लैङ्गिक हिंसा निवारणका लागि सचेतना विकास गर्नका लागि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तर्राष्ट्रिय महिला दिवस, बाल दिवसको अवसरमा विभिन्न कार्यक्रम सञ्चालन गरी सचेतना अभिवृद्धि गर्ने कार्य गरिएको छ ।
- गाउँपालिकाले अङ्गिकार गरेका नीतिगत व्यवस्था र कार्यान्वयनको अवस्थाको स्व लेखाजोखा गर्न, लैससास कार्यान्वयनको वर्तमान अवस्थाको विश्लेषण गर्न र सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने उद्देश्यले लैससास परीक्षण गरिएको छ ।
- महिलाहरूलाई सशक्तिकरण गर्नका लागि नियमित रुपमा महिला विकास समिति, सञ्जाल र महिला सहकारीको नियमित प्रगति समीक्षा गर्ने कार्य गरिएको छ ।
- गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्ने आधार निर्माणका लागि बालबालिकाको बस्तुगत विवरण (प्रोफाइल) तयार गरिएको छ ।
- सुनिलस्मृति गाउँपालकाको किशोर किशोरी सञ्जाल सञ्चालन कार्यविधि, २०८० र अपाङ्गता संरक्षण कोष परिचालन कार्यविधि, २०८० तयार गरिएको छ ।
- गाउँपालिकाको सेवा प्रवाहमा सुशासन र पारदर्शिता कायम गर्ने र गाउँपालिकाबाट प्रवाह भएको सेवाका विषयमा जनताहरुलाई सुसूचित गराउने उद्देश्यले सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि, २०७९ वमोजिम नियमित रुपमा चौमासिक तथा वार्षिक सार्वजनिक सनुवाई कार्यक्रम गरिदै आइएको छ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका लागि सकारात्मक सोच, जिवनशैलि व्यवस्थापन, योग तथा ध्यान सम्बन्धी विषयमा अनुशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।
- संघ, प्रदेश र स्थानीय तह वीच नियमित रुपमा वैठक तथा भेटघाटका माध्यमबाट निरन्तर समन्वय र सहकार्य गरिदै आइएको छ ।
- गाउँपालिकाबाट प्रदान हुने सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउन हेल्पडेस्क, गुनासो सुनाई कक्षको व्यवस्था गरि नियमित सञ्चालनमा ल्याइएको छ भने सूचनाको हक कार्यान्वयनका लागि गाउँपालिकाबाट भए गरेका काम कार्वाहीलाई स्वतः प्रकाशनका माध्यमबाट सरोकारवालाहरुलाई सूचना प्रवाह गरिएको छ ।
- घुम्ती सेवा मार्फत सामाजिक सुरक्षा भत्ता वितरण, वार्षिक योजना सम्झौता कार्य सम्बन्धित वडा तथा वस्ती स्तरबाट सञ्चालन गरिएको छ ।

- नियमित मासिक रुपमा कर्मचारी वैठक वसि सेवा प्रवाह सम्बन्धी समसामयिक विषयमा छलफल गर्ने, सुझाव संकलन गर्ने, आवश्यक निर्देशन गर्ने, भए गरेका कार्यको समिक्षा गरी सोको प्रतिवेदन तयार गर्ने र कार्यपालिका वैठकमा पेश गर्ने गरिएको छ भने कर्मचारीहरुको मनोवल उच्च राख्न कार्य सम्पादनका आधारमा मूल्याङ्कन गरी प्रत्येक चौमासिक रुपमा सम्मान तथा प्रोत्साहन गरिएको छ ।
- चालु आ.व.मा गाउँपालिकालाई आवश्यक पर्ने १६ वटा कानुनको तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।
- गाउँपालिकाको मध्यमकालीन खर्च संरचना निर्माण गर्न परामर्श सेवा लिई जनप्रतिनिधि तथा कर्मचारीहरुलाई १ दिवसीय कार्यशाला गोष्ठि सम्पन्न भएको छ भने दस्तावेज निर्माणको काम यसै वर्षको अन्तिमसम्म सम्पन्न भई योजना तर्जुमाको काम यसै वमोजिम गर्ने प्रकृया अघि वढाइएको छ ।
- सुलिचौर, रुइनिबाङ बजार क्षेत्रको फोहोर व्यवस्थापनका लागि साप्ताहिक तीन दिन फोहोर व्यवस्थापन गर्ने कार्य निरन्तर रुपमा गर्दै आइएको छ ।
- सार्वजनिक स्थल, पाटी, पौवा लगायतका क्षेत्रहरुमा अभियानका रुपमा स्थानीयवासी, जनप्रतिनिधि, कर्मचारी, नगर प्रहरी विभिन्न संघ संस्था तथा सरोकारवालाहरुको उपस्थितिमा नियमित सरसफाईको कार्यलाई अगाडि बढाइएको छ ।
- वजारको ट्राफिक व्यवस्थापनका लागि नगर प्रहरी परिचालन गरि टायम कार्डको समेत व्यवस्था गरी ट्राफिक व्यवस्थापनलाई सरल र सहज बनाइएको छ ।
- सुशासन तथा पारदर्शिता कायम गर्न गाउँपालिकाबाट हुने हरेक प्रकारका सूचनाहरुलाई सूचना र प्रविधिको उच्चतम् प्रयोग गर्दै वेवसाइट, सामाजिक सञ्जाल, पत्रपत्रिका र रेडियोको माध्यमबाट प्रकाशन तथा प्रशारण गरिदै आइएको छ ।

**सभा सदस्यज्यूहरु :-**

- विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोष सञ्चालन गरि विभिन्न प्रकृतिका विपद्बाट भएको क्षतिबाट ५८ घर परिवारलाई खाद्यान्न तथा नगद राहत उपलब्ध गराईएको छ । साथै विपद्को जोखिम न्यूनिकरणका लागि अन्य सरोकारवाला निकाय, व्यक्ति तथा संस्थाहरुको समन्वयमा आवश्यक कार्य गर्दै आइएको छ । विपद् पूर्व तयारीका लागि गाउँपालिकाबाट सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिएको छ भने सन्देशमूलक सूचना प्रचार-प्रसार गरिएको छ साथै विपद्बाट हुने क्षति न्यूनिकरणका लागि आवश्यक उपकरण र सामाग्रीहरु खरिद गरी नगर प्रहरी मार्फत परिचालन गरिएको छ ।
- यस गाउँपालिकाको चालु आ.व.मा १ हजार २ सय ४० मिटर नयाँ ट्याक, १ हजार ५० मिटर सडक स्तरोन्नती, ९ सय ७२ मिटर सडक ग्राभेल, १ हजार मिटर नाली निर्माण, ७ सय २ मिटर गोरेटो बाटो निर्माण, २ सय ४३ मिटर स्टेपबाटो र १ वटा झोलुङ्गेपुल निर्माण गरिएको छ भने २ वटा खेल मैदान र १ सय ९९ मिटर खेलमैदान घेरावार गरिएको छ ।

- विद्यालय, वडा कार्यालय र गाउँघर क्लिनिक गरी ५ वटा भवन सम्पन्न, गाउँपालिका भवन, वडा कार्यालय र स्वास्थ्य चौकीगरी ४ वटा भवन निर्माणाधिन अवस्थामा, विद्यालय, गाउँघर क्लिनिक, मन्दिर गरी १४ वटा भवनको मर्मत संभार भएका छन् भने ३ वटा प्रतिक्षालय र ६ वटा शौचालय निर्माण गरिएको छ साथै ८ सय ८७ मिटर सिचाई कुलो, ४ वटा सिचाई पोखरी, ५ सय ११ मिटर सिचाई पाइप, ११ वटा खानेपानी ट्याङ्की, ३ हजार ९ सय ८२ मिटर खानेपानी पाइप र ५ वटा धारा निर्माण सम्पन्न गरिएको छ ।
- ५ लाख भन्दा कम पूँजी भएको प्राइभेट फर्मको दर्ता र नविकरण गाउँपालिकाबाटै हुनुभन्दा अगाडि घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका ५ लाख भन्दा कम पूँजी भएका प्राइभेट फर्मको नविकरण गाउँपालिकाबाटै हुनको लागि फाइल हस्तान्तरण गर्न घरेलु तथा साना उद्योग कार्यालयलाई पत्रचार गरिएको छ ।
- फुसको छाना भएको घरलाई जस्तापाताले विस्थापन गर्ने गाउँपालिकाको नीति अनुरुप यस वर्ष कुल ७४ घरधुरीलाई जस्तापाता वितरण गरी फुसको छाना विस्थापन गरिएको छ ।
- घर नक्सा अभिलेखिकरण तर्फ यस आर्थिक वर्षमा कुल २६ निवेदन दर्ता भएकोमा ८ वटा घर नक्सा अभिलेखिकरण गरी प्रमाण-पत्र प्रदान गरिएको छ ।
- गाउँपालिकामा सूचिकृत मेलमिलापकर्ताहरुलाई सपथ ग्रहण गराई सवै वडाहरुमा मेलमिलाप केन्द्र गठन तथा सञ्चालन गरिएको छ ।
- रोल्पा जिल्लाका सवै स्थानीय तहहरुका न्यायिक समिति संयोजक तथा उपप्रमुख/उपाध्यक्ष, न्यायिक समितिका सदस्यहरु र न्यायिक समितिमा रहेका कर्मचारीहरुको उपस्थितिमा जिल्लामै पहिलो पटक न्यायिक समितिको प्रथम जिल्ला सम्मेलनको आयोजना गरि सो सम्मेलबाट निर्णय भए वमोजिम जिल्ला स्थित सवै स्थानीय तहहरुमा न्यायिक सम्पादनका समसामियक विषयमा छलफल गर्न तथा सिकाई आदानप्रदान गरी न्याय सम्पादनलाई प्रभावकारी बनाउन नियमित घुम्ती वैठक वसि आवश्यक निर्णयहरु गर्ने र सोको कार्यान्वयन गरिएको छ ।
- न्यायिक समितिको काम कार्वाहीलाई थप प्रभावकारी बनाउने उद्देश्यले न्यायिक समितिका पदाधिकारी सहित जनप्रतिनिधि र कर्मचारीहरुवाट प्यूठान, गुल्मी, पाल्पा र गोर्खा जिल्लाका केही स्थानीय तहहरुमा गरिएको न्यायिक सम्पादनका विषयहरुमा अन्तरक्रिया तथा असल अभ्यासहरुको सिकाई आदान-प्रदान गरि न्यायिक समितिको काम कार्वाहीलाई थप प्रभावकारी बनाइएको छ ।
- सम्मानीत रोल्पा जिल्ला अदालतबाट यस गाउँपालिकामा भएको न्याय सम्पादनको विषयमा अनुगमन गरी पृष्ठपोषण प्राप्त भए बमोजिम सो को कार्यान्वयन गरी न्याय सम्पादनलाई ब्यवस्थित र प्रभावकारी वनाइएको छ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा आधारित न्यायिक क्षेत्रका सूचकहरुमा शत प्रतिशत अंक प्राप्त गर्न सफल भएको छ ।

- न्यायिक समितिको कार्यसम्पादनको आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देश भरीबाट छनौट गरेका उत्कृष्ट ३६ स्थानीय तह मध्ये सुनिलस्मृति गाउँपालिका समेत छनौट हुन सफल भएको छ ।
- वटुक दल गणसंगको सहकार्यमा मनसुनजन्य विपदबाट हुन सक्ने क्षति, उद्दार सम्बन्धी एक दिने "अभ्यास मनसुन ४" को डेमो समेत देखाइ विपदको विषयमा जानकारी गराईएको छ ।
- गाउँपालिका, जिल्ला ट्राफिक कार्यालय रोल्पा र सामुदायिक आखाँ केन्द्र सुलिचौरसँगको समन्वय र सहकार्यमा सवारी चालकहरुको निःशूल्क आखाँ जाँच तथा ट्राफिक नियमका विषयमा परामर्श र सल्लाह सुझाव प्रदान गरिएको छ ।
- सुवर्णावती सव-डिभिजन वन कार्यालय, सहास नेपाल र INF नेपालसँगको सहकार्यमा विश्व वातावरण दिवसको अवसरमा वडा नं. २ स्थित त्रिपुरेश्वरी मन्दिर परिसर सरसफाई गरि मनाईएको छ ।
- वस्तीवस्ती अध्यक्ष कार्यक्रम, स्थानीय सरकारसँग जनता कार्यक्रम र उपाध्यक्षसँग महिला कार्यक्रम मार्फत आर्थिक, सामाजिक, पूर्वाधार तथा वन वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा विविध कार्यक्रमहरु सञ्चालन गरिएको छ ।
- सीमित साधन, श्रोत तथा अन्य प्राविधिक कारणबाट कार्यान्वियन हुन नसकेका चालु आ.व.मा लिएका नीति तथा कार्यक्रमहरु श्रोत सुनिश्चितता गरी तथा अन्य व्यवधानहरुको हल गर्दै क्रमशः कार्यान्वयन गरिनेछ ।

**सभा सदस्यज्यूहरु**

**अब म आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

गाउँपालिकाले अंगिकार गरेको **"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प"** भन्ने मूल नीतिलाई पूरा गर्न देहायका क्षेत्रगत नीति तथा कार्यक्रम अख्तियार गर्नेछ।

नीति र योजनामा आधारित वजेट प्रणालीको विकास गर्न आवधिक योजनाले परिलक्षित गरे अनुरुप प्राथमिकता प्राप्त योजना तथा कार्यक्रम छनौट गरी बजेट विनियोजन गरिने छ।बजेट तर्जुमालाई मध्यकालीन खर्च संरचना संग आवद्ध गर्दै लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई मुख्य शर्तको रुपमा अनुशरण गरिनेछ। आयोजना बैंक बनाइ कार्यान्वयनमा ल्याइ घोषित नीति तथा कार्यक्रमलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

**आर्थिक विकासः**

- संविधान प्रदत्त अधिकार कृषि प्रसारको सञ्चालन, व्यवस्थापन र नियन्त्रण मार्फत कृषकस्तरमा उच्चस्तरिय प्रविधिको हस्ताण्तरण, कृषकको क्षमता अभिवृद्धि तथा कृषकलाई अनुसन्धान कार्यसँग जोड्न विभिन्न कृषकस्तरिय तालिम, गोष्ठि,शिविर सञ्चालन तथा उन्नत प्रविधि प्रदर्शन गरिनेछ।

- कृषि जैविक विविधताको संरक्षण तथा सम्वर्द्धन, कृषि बालीहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि साथै नागरिकको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न मौरीपालन व्यवसायलाई प्रवर्दन गरिनेछ।
- दैनिक उपभोग्य कृषिजन्य वस्तुहरुमा गाउँपालिकालाई आत्मनिर्भर बनाई आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न गाउँपालिका भित्रका सबै सम्भाव्य क्षेत्रहरुको पहिँचान गरि मसलाबाली प्रवर्द्धन कार्यक्रम, व्यवसायिक तरकारी खेति प्रवर्द्धन कार्यक्रम, व्यवसायिक फलफुल खेती प्रवर्दन कार्यक्रम सञ्चालन गर्दै लगिनेछ।
- कृषि उपजको उत्पादन,संकलन, भण्डारण र बजारीकरणका लागि गाउँपालिका भित्रका कृषि सहकारीलाई प्रवर्द्धन गरिनेछ।
- **"कृषि विकास अभियानःरैथाने बाली हाम्रो पहिचान"** भन्ने मूल नाराका साथ परम्परागत र पोषणयुक्त रैथाने बालीहरुको संरक्षण गरी खेती विस्तार गरिनेछ। यस गाउँपालिकामा सदियौं देखी खेती गरिदै आएका रैथाने बालीहरु जस्तैः कोदो, सिमि, मास, पिडांलु, फापर, भटमास, टिमुर, जुनेली, कागुनो, आलु आदिको उत्पादन बढाउन उत्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ ।
- कृषि उपजको बजार सुनिश्चितताका लागि हाट बजार, कृषि उपज संकलन तथा भण्डारण केन्द्रको स्थापना एवं कृषि एम्बुलेन्स खरिद लगायतका कार्यहरु क्रमशः अगाडि बढाईनेछ।
- **"Bottom-up Programming"** को मर्मलाई साकार पार्न कृषकहरुको आवश्यकता र मागमा आधारित कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिनेछ।
- प्राङ्गारिक कृषि उत्पादन र उपयोगलाई प्रवर्दन गरी गाउँपालिकालाई विषादि रहित बनाउन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि जैविक मल प्रवर्द्धन तथा गोठे मल सुधार कार्यक्रम, प्राङगारिक मल तथा गडयौलिमल उत्पादन, प्राङ्गारिक खेती गर्ने कृषकलाई अनुदान, प्राङगारिक प्रमाणिकरणमा सहजिकरण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।
- गुणस्तरिय बीउ विजन तथा तरकारी उत्पादन र उपभोगमा गाउँपालिकालाई आत्मनिर्भर बनाउदै लगिनेछ। व्यवसायिक कृषकहरुलाई हाईब्रिड बीउ तथा अन्य कृषकहरुलाई उन्नत बीउ अनुदानमा उपलब्ध गराउने नीति अवलम्वन गरिनेछ । कृषि उत्पादनको संभावना पहिचान गरी गाउँपालिका भित्रका सवै वडाहरुमा कृषि तथा पशु पकेट क्षेत्र घोषणा गरी कार्यान्वयन गरिनेछ ।
- कृषक समूहमा आधारित कार्यक्रम सञ्चालन गरिने छ। उत्पादनमा आधारित विभिन्न कृषक समुहहरुको गठन तथा परिचालन मार्फत सामुहिक उत्पादनमा जोड दिदै बजारको पहुँच सुनिश्चित गर्न पहल गरिनेछ।
- छरिएर रहेको सुक्ष्म पूजीलाई एकीकृत गरी उद्यमशीलता, स्वोरोजगार र सामाजिक परिचालन गर्ने विषयमा सहकारी क्षेत्रको उल्लेखनीय योगदान रहेकोले सहकारी क्षेत्रको सवलीकरण, सुदृढीकरण र नियमन गर्ने कार्यलाई प्रभावकारी वनाइने छ ।

- ❖ उत्पादनमा बिश्वास तथा स्थानीय तहलाई तरकारीमा आत्मनिर्भर गराउन वेरोजगार युवा लक्षित लागत साझेदारीमा प्रत्येक वडामा एक नमुना कृषि फार्म संचालन गर्न अनुदानको ब्यवस्था गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

- ❖ पशुपालन व्यवसायलाई व्यासायीकरण तर्फ उन्मुख गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ❖ नश्ल सुधारका लागि कृत्रिम गर्भाधानको कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- ❖ मासु अण्डा तथा दुग्धजन्य उत्पादनमा आधारित कार्यक्रमहरु सञ्चालन गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउदैं लगिनेछ ।
- ❖ माछा पालक कृषकहरुको आवश्यकता र बजारको मागलाई ध्यानमा राख्दै माछापालन र बजारीकरणलाई प्राथमिकतामा राखि कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ पशु पंक्षीको उत्पादन तथा उत्पादकत्वमा बृद्धि ल्याउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ आवश्यक मापदण्ड बनाई ब्यावसायिक पशुपालन गरेका किसान लक्षीत पशु विमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरी जोखिम न्यूनिकरण गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

- ❖ **"प्रधानमन्त्री रोजगार कार्यक्रम"** लाई संघीय सरकारको नीति अनुरुप प्रभावकारी रुपमा कार्यान्वयनमा लैजानको लागि आवश्यक सहजीकरण गरिनेछ।कार्यस्थलमा हुने सबै प्रकारका भेदभाव तथा हिंसाको अन्त्य गरिनेछ।
- ❖ **"समान कामको समान ज्याला"** लाई सुनिश्चित गर्दै कुनै पनि श्रमिकको श्रम शोषण हुन दिइने छैन। गाउँपालिकावासिहरुमा कामलाइ सम्मान गर्ने संस्कृतिको विकास गर्न गाउँभित्र **"श्रमको सम्मान राष्ट्रको अभियान"** लगायत सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ रोजगारीका सम्भावनाको पहिचानका लागि गाउँपालिकाभित्र रहेका सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रका रोजगारदाताहरुसंग समन्वय गरी रोजगारीका अवसरहरुको तथ्याङ्क संकलन गरिनेछ र उक्त सूचना सूचीकृत बेरोजगार व्यक्तिहरुलाइ प्रवाह गरी क्रमशःरोजगारीको अवसरहरु सिर्जना गरिनेछ ।
- ❖ संघ, प्रदेश तथा विभिन्न तालिम प्रतिष्ठानहरु संग आवश्यक समन्वय गरी आवश्यकता र औचित्यताको आधारमा बेरोजगार युवा युवतीहरुलाई स्वरोजगारमूलक बनाउन सहजिकरण गरिनेछ।
- ❖ गरिबी न्यूनिकरण तथा रोजगारका अवसरहरुमा वृद्धि गरि अति विपन्न परिवारलाई सामाजिक संरक्षण प्रदान गरिनेछ ।

❖ पुनःएकीकरण कार्यक्रम मार्फत वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको क्षमता विकास तथा अभिवृद्धिका लागि उद्यमशील तथा सीपमुलक तालिम संचालन गरिने साथै वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि श्रम स्वीकृति लिने सम्बन्धी आवश्यक सहजिकरण गरिनेछ ।

❖ गाउँपालिकालाई आन्तरिक पर्यटनको आकर्षक गन्तव्यको रुपमा विकास गर्न तथा सोबाट आर्थिक लाभ प्राप्त गर्न पर्यटन क्षेत्रको संरक्षण सम्वर्द्धन र विकासलाई विशेष महत्वकासाथ प्राथमिकता दिइनेछ। सोका लागि गाउँपालिकामा रहेका धार्मिक, सांस्कृतिक, मौलिक, ऐतिहासिक, प्राकृतिक र प्राचिन महत्वका गन्तव्यहरुको पहिचान गरी प्रचार-प्रसार गरिनेछ।

**सभा सदस्यज्यूहरु** :-

❖ स्थानिय कर, सेवा शुल्क तथा दस्तुर लगाउने, उठाउने, खारेज गर्ने, छुट दिने, परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थित गर्न आवश्यक कानूनी र संस्थागत व्यवस्था मिलाइनेछ ।

❖ संवैधानिक तथा कानून रुपमा प्राप्त आर्थिक अधिकारको क्षेत्र तथा श्रोतलाई व्यवस्थित गरी पालिकाको कुल बजेटमा आन्तरीक श्रोतको हिंसा बढाउदै लगिने नीति लिइनेछ ।

❖ स्थानीय राजश्व बारे आवश्यक कानूनको निर्माण तथा समय सापेक्ष सुधार गरी व्यवहारिक बनाउँदै लगिनेछ ।

❖ जनताको कर तिर्न सक्ने क्षमताका आधारमा करका दरहरु विश्लेषण गरी निर्धारण गरिनेछ साथै राजश्वका स्रोतहरुको अध्ययन गरी संभाव्यताका आधारमा करको दायरा बढाइनेछ ।

❖ चालु आव मा ८ वटै वडामा एकिकृत सम्पत्ति कर र करदाता शिक्षा सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिनेछ । राजश्व संकलनको कार्यलाई अभियानकै रुपमा संञ्चालन गरी सबैलाई करको दायरामा ल्याइनेछ ।

❖ गाउँपालिकामा उठाउदै आएको मालपोत तथा भूमिकरको सट्टामा एकिकृत सम्पत्ति कर प्रणाली कार्यान्वयका लागि आवश्यक पूर्वाधार निर्माण गर्न पहल गरिनेछ ।

❖ गाउँपालिकाको करको महत्वपूर्ण श्रोतको रुपमा रहेको व्यवसाय करलाई सुदृढ तथा व्यवस्थित गर्न आवश्यक कार्य गरिनेछ ।

❖ कर प्रशासनसँग सम्बन्धित कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरी संस्थागत क्षमताको अभिवृद्धि गरीनेछ ।

❖ उपभोक्ता अधिकारका बारेमा बहस, पैरवी गर्न उपभोक्ता अधिकार मञ्च जस्ता नागरिक स्तरमा संयन्त्र गठन गरी बजार सुशासन कायम राख्ने कार्यमा प्रोत्साहन तथा सहजिकरण गरिनेछ । उपभोक्ता शिक्षा सम्बन्धि सचेतनामूलक कार्यक्रम र नियमित बजार तथा उध्योग व्यवसायको अनुगमन गरिनेछ ।

- ❖ प्राइभेट फर्मको रजिष्ट्रेशन लागि नियमन अनुगमनलाई अभियानकै रुपमा संञ्चालन गरिनेछ ।
- ❖ सहकारी संस्थाहरुको नियमनलाई बिशेष ध्यान दिने र उनिहरुकै सहकार्यमा सहकारी शिक्षा प्रदान गरिने छ ।

**सभा सदस्यज्यूहरु :-**

सामाजिक विकास:

- ❖ **विकासको सुत्राधारः शिक्षा नै मूल आधार** भन्ने नाराका साथ आगामी आर्थिक वर्ष देखि शिक्षा क्षेत्रको विकासका लागि अभियानका रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ विद्यालय वाहिर रहेका अति विपन्न र सीमान्तकृत वर्गको पहिचान गरी विद्यालयमा झिकाउन, सिकाउन, टिकाउन र श्रम बजारमा विकाउन सबै किसिमको प्रयास गरिनेछ ।
- ❖ अल्पसंख्यक, विपन्न, न्यून आय भएका, दलित, सीमान्तकृत, पिछडावर्ग, अनाथ, शहिद परिवार, अपाङ्गता भएका व्यक्ति र एकल महिला भएका परिवारका सदस्यलाई माध्यामिक र उच्च शिक्षाको सुनिश्चित गर्नका लागि छात्रवृत्ति प्रदान गर्न **"मेहनत तपाइको: जिम्मेवारी हाम्रो"** नारा सहित कार्यक्रम सञ्चालन गर्न एक कोषको स्थापना गरिनेछ ।
- ❖ गाउँपालिकामा स्थापित वाल विकास केन्द्रहरुलाई नमूना वाल विकास केन्द्रको रूपमा विकास गर्दै लगिनेछ । साथै वालविकास शिक्षकहरुको क्षमता विकास गरिनेछ ।
- ❖ शिक्षाको जोखिम न्यूनीकरण र शिक्षा सम्वन्धी विपद् व्यवस्थापन योजना बनाई लागु गरिनेछ ।
- ❖ एक वडा एक माध्यमिक विद्यालयको नीति कार्यान्वयन गरिनेछ ।
- ❖ स्थानीय पाठ्यक्रम सम्बन्धी पाठ्यपुस्तकको समूचित ब्यवस्था गरी शिक्षकहरुलाई आवश्यक तालिम प्रदान गरिनेछ ।
- ❖ गाउँपालिकाभित्र रहेका सवै सामुदायिक विद्यालयका भवनहरुमा जस्तापाता विस्थापन गरी क्रमशः आर सि सि युक्त पक्की भवनमा परिणत गरिनेछ।
- ❖ सामुदायिक विद्यालयका सवै संरचनाहरुलाई आधुनिक, अपाङ्गमैत्री तथा वालमैत्री वनाउने अभियान सुरू गरिनेछ।
- ❖ सामुदायिक विद्यालयको शैक्षिक उपलब्धी लगायतको बहुआयामिक उन्नयनको लागि सुपरिवेक्षण एवम् अनुगमन प्रणालीलाई नियमित, व्यवस्थित र नतिजामुखी बनाइनेछ । अनुगमन प्रतिवेदनका आधारमा शिक्षकहरूलाई पुरस्कार र दण्ड प्रणालिको व्यवस्था गरिनेछ ।
- ❖ सामुदायिक विद्यालयको शैक्षिक स्तरमा अभिवृद्धि ल्याउन तथा शिक्षण सिकाइ क्रियाकलापमा सहजिकरण ल्याउन एक विज्ञ समूह गठन गरी बौद्धिक लाभ लिइनेछ ।
- ❖ राष्ट्रपति रनिङशिल्ड लगायत खेलका अन्य विधाहरुमा खेलाडिको उत्पादन र विकास गर्न गाउँपालिकास्तरमा खेल शिक्षकको ब्यबस्था गरिनेछ । साथै सबै वडामा खेलकुद क्लव

गठन,खेलमैदान निर्माण,खेलकुद सामग्री वितरण लगायतको माध्यमवाट खेलक्षेत्रको विकास र विस्तार गरिनेछ।

- विषयगत शिक्षकहरूलाई तालिम तथा कार्यशाला जस्ता कार्यक्रममा सहभागि गराइ नतिजा सुधारमा जोड दिइनेछ ।
- सबै विद्यालयलाई एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- प्र.अ. नियुक्तिलाई कार्यसम्पादन करार र मूल्यांकनमा आधारित तुल्याइनेछ ।
- विद्यालयका प्रधानाध्यापक,गाउँशिक्षा समिति तथा गाउँपालिका विचको समन्वयात्मक बैठक वसि शिक्षा सुधार तथा विकासका लागि कार्ययोजना तयार गरि लागु गरिनेछ ।
- सम्पूर्ण सामुदायिक विद्यालयहरूमा कक्षा १ देखि ५ सम्म अङ्ग्रेजी माध्यमबाट पठनपाठनलाई बिस्तार तथा निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा उच्च शिक्षा अध्ययनका लागि क्याम्पस स्थापनाको पहल गरिनेछ ।
- दरबन्दी मिलान तथा बिद्यालय समायोजनको प्रक्रिया यथाशीघ्र अगाडी बढाईने छ ।
- मूल्याङ्कनका आधारमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई पुरस्कृत एवम् सम्मान गरिनेछ ।
- स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रमहरुमा युवाको प्रतिनिधित्व वढाउदै युवामैत्री शासन प्रणाली अवलम्वन गरिनेछ ।
- शिक्षासँग सम्वद्ध सरकारी तथा गैर सरकारी सँघ सस्थाहरुसँग समन्वय गरि शिक्षा क्षेत्रमा लगानी आकर्षित गर्ने वातावरण सिर्जना गरिनेछ ।
- अध्ययनलाई जिवन्त बनाई अध्ययनमा रमाउने वातावरण सिर्जना गर्न गाउँपालिकास्तरीय एक सुविधा सम्पन्न पुस्तकालयको स्थापना गरिनेछ ।
- शिक्षालाई प्रविधिमैत्री वनाउन समयसापेक्ष डिजिटल विद्यालयको अवधारणा अगाडी वढाइनेछ ।
- सिकाइ उपलब्धी सुदृढीकरण गर्न अभिभावकहरुका लागि असल अभिभावक शिक्षामा जोड दिइनेछ ।
- प्राविधिक सिपयुक्त जनशक्ति उत्पादनका लागि गाउँपालिकामा प्राविधिक शिक्षालाई जोड दिइनेछ । साथै प्राविधिक शिक्षा अध्यन गर्न चाहने गाउँपालिका भित्रका अति जेहेन्दार तथा आर्थिकरुले विपन्न विद्यार्थीहरुलाई गाउँपालिकाबाट लागत साझेदारीमा उच्च शिक्षा दिलाउन नीति अंगिकार गरिनेछ ।
- सैद्धान्तिक शिक्षालाई व्यवहारसँग जोडी विद्यार्थीलाई स्वाबलम्बी तथा आत्मनिर्भर बनाउन पढ्दै कमाउदै कार्यक्रमको अवधारणा ल्याइनेछ ।

**सभा सदस्यज्यूहरु :-**

- सवै स्वास्थ्य संस्थाहरुमा प्रयोगशालाको व्यवस्था गरी मधुमेह र रक्तचापको निःशुल्क जाँचको व्यवस्था गरिनेछ।
- गाउँपालिका भित्र सञ्चालित वर्थिङ सेन्टरहरुलाई आबश्यक उपकरण र पूर्वाधारयुक्त बनाईनेछ । आबश्यकताका आधारमा थप बर्थिङ सेन्टर स्थापना गरि आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय र सबैको सहज पहुँचमा पुर्याईनेछ।
- सवै सामुदायिक विद्यालयमा मासिक रुपमा सवै वालवालिकाको स्वास्थ्य परीक्षण गरी जनस्वास्थ्य निगरानी गर्न उपलव्ध स्वास्थ्य जनशक्ति परिचालन गरिनेछ।
- प्राथमिक स्वास्थ्य केन्द्रवाट प्रवाह हुने स्वास्थ्य सेवालाई चुस्त र प्रभावकारी वनाउन छिमेकी पालिकासँगको समन्वय र साँझेदारी गरी प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौरबाट सहुलियत दरमा फार्मेसी सेवा उपलब्ध गराइनेछ ।
- १५ सैयाको अस्पताल निर्माण गर्ने सन्दर्भमा छिटै जग्गा प्राप्तिको विषयलाई अन्तिम टुङ्गोलगाई ठेक्का प्रक्रिया सुरु गरिनेछ।
- संस्थागत सुत्केरीलाई प्रवर्द्धन गर्दै शुन्य होम डेलिभरी कायम गर्न सुत्केरी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- किशोरी अवस्थामा हुने गर्भधारण र असुरक्षित यौन सम्वन्ध जस्ता क्रियाकलापमा कमि ल्याउन यौन शिक्षा र प्रजनन स्वास्थ्य शिक्षालाई विद्यालय र समुदायस्तरमा विस्तार गरिनेछ।
- सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको मनोबल उच्च राख्न थप प्रोत्साहनका कार्यक्रम ल्याइनेछ।
- घाइते, अपाङ्ग, गर्भवती महिला र जेष्ठ नागरिकहरू लाई घर दैलोमा प्राथमिक स्वास्थ्य चेकजाँच, स्वास्थ उपचार तथा सामाजिक सुरक्षा भत्तामा निरन्तरताको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा विशेषज्ञ सेवाका लागि दक्ष जनशक्ति उत्पादन गर्न गाउँपालिकाबाट लागत साँझेदारीको व्यवस्था गरिनेछ ।
- नयाँ पुस्तामा डरलाग्दो गरी देखिएको लागु औषध दुर्व्यसनी हटाउन तथा यूवा यूवतीहरुलाई असल मार्गमा लाग्न र भविष्यप्रति जिम्मेवार बनाउन आवश्यक कार्यक्रमहरु सञ्चाल गरिनेछ ।
- उपाध्यक्षसँग गर्भवती जाँच कार्यक्रमलाई थप प्रभावकारी वनाई निरन्तरता दिईनेछ।

**सभा सदस्यज्यूहरु :-**

- गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा मूलप्रवाहीकरण रणनीति बमोजिम संस्थागत संरचना र कार्यप्रणाली लैङ्गिक मैत्री बनाउँदै लगिनेछ ।
- गाउँपालिका भित्र निर्माण हुने सार्वजनिक संरचनाहरुलाई अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री बनाइने नीति अवलम्वन गरिनेछ ।
- महिला बालबालिका तथा सवै लक्षित समुहकोलागि कूल पुँजिगत वजेटको ५ प्रतिशत छुट्टाइने छ ।
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्वन्धी महासन्धी १९७९, बेइजिङ घोषणा पत्र १९९५ का १२ वटा महिला सरोकारका क्षेत्रहरु, दिगो विकास लक्ष्यले लक्षित गरेका

विषयहरु, बाल अधिकार महासन्धी १९८९, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको प्रस्ताव नं १३२५, १८२०, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि २००६ र अन्य अन्तराष्ट्रिय कानून, संघीय र प्रदेश कानून तथा संघ र प्रदेश योजनाहरुले निर्दिष्ट गरेका विषयहरुको मर्मलाई स्थानीयकरण गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

- ❖ लैङ्गिक हिंसा निवारण कोषको प्रभावकारी सञ्चालनका माध्यमवाट हिंसा प्रभावित महिलाहरुलाई कानूनी परामर्श, उपचार खर्च, व्यवसाय सञ्चालन तथा जीविकोपार्जनका लागि आवश्यक सहयोग उपलव्ध गराउनुका साथै अनुगमनलाई प्रभावकारी बनाइने छ ।
- ❖ अनाथ, असहाय तथा जोखिममा रहेका बालबालिका, जोखिम अवस्थामा रहेका अपाङ्गता भएका व्यक्तिका लागि कोष वृद्धीको लागि आवश्यक रकम थप गर्दै लगिनेछ र सम्वन्धित विषयक्षेत्रसँग सरोकार राख्ने विभिन्न व्यक्ति तथा संघ संस्थाहरुलाई पनि कोष वृद्धिको लागि आव्हान गरिनेछ ।
- ❖ विभिन्न कारणले हिंसा प्रभावित महिला तथा बालबालिकाहरुलाई पुनर्स्थापना नहुन्जेल सम्म सुरक्षाका लागि अल्पकालीन सुरक्षित आवास गृहलाई थप व्यवस्थापन गरिनेछ ।
- ❖ लैङ्गिक हिंसा, बालविवाह, बहुविवाह, बालश्रम, लैङ्गिक, जातिय तथा अन्य सामाजिक विभेद, शोषण, कुरीति, अन्धविश्वास हटाउन टोल विकास संस्था, महिला विकास समिति, आमा समूह, युवा क्लव, किशोर किशोरी सञ्जाल, बालसमूह लगायत सामुदायिक स्तरका संस्थाहरुलाई स्वयंसेवी रुपमा परिचालन गरिनेछ साथै सम्वन्धित क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ ।
- ❖ गाउँपालिकाको बजेट प्रणालीलाई लैङ्गिक उत्तरदायी बनाइनेछ र बार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) लैङ्गिक उत्तरदायी बजेट परीक्षणलाई निरन्तरता दिइनेछ । उक्त परीक्षणबाट पहिचान भएका सुधार्नुपर्ने पक्षलाई कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।
- ❖ टोल स्तरका महिलाहरूका लागि कानुनी सचेतनामूलक कार्यक्रमका माध्यमवाट घरेलु तथा लैङ्गिक हिंसा न्यूनीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ बालमैत्री गाउँपालिका घोषणा गर्न बालभेला गरी बालसमूह, बालसञ्जाल गठन तथा बालिकाको क्षमता अभिवृद्धि, बालसमूह सहजकर्ता शिक्षकलाई अभिमुखीकरण र बाल अधिकार समितिको क्षमता विकास गरिनेछ । बालमैत्री स्थानीय शासन सूचकका आधारमा स्थितिपत्र तयार गरिनेछ । बाल विवाह विरुद्धको रणनीति बमोजिम बाल विवाह, बालश्रम न्यूनीकरण गर्न विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी कार्यक्रम प्रभावकारी बनाइनेछ ।
- ❖ बालमैत्री स्थानीय शासन घोषणा तथा संचालनको लागी एक वडा एक बाल उद्यान कार्यक्रम क्रमशः सञ्चालन गरिनेछ ।
- ❖ अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण तथा अभिलेख व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।अपाङ्गता भएको व्यक्तिहरूको सहज पहुँचको लागि परिचय पत्र वितरण शिविर सञ्चालन गरिनेछ । परिचयपत्रको लागि गाउँपालिका सम्म आउन नसक्ने

अशक्त, विपन्न र जोखिम अवस्थामा रहेका अपाङ्गता भएका व्यक्तिलाई घरभेट गरी अवस्था जाँच गरिने व्यवस्था मिलाइनेछ ।

- ❖ ज्येष्ठ नागरिकहरुको र पछिल्लो पुस्ताको अनुभव आदानप्रदान गर्न अन्तरपुस्ता अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा गाउँपालिका भित्र भएको लगानीको प्रभाव मूल्याङ्कन अध्ययन गरिनेछ ।
- ❖ सार्वजनिक सेवामा सबै वर्गक्षेत्रको समानुपातिक समावेशी सहभागिता प्रबर्द्धन गर्न लोक सेवा आयोग लगायतका तयारी कक्षा संचालन गरिनेछ ।

**सभा सदस्यज्यूहरु :-**

## पूर्वाधार विकासः

- ❖ MTMP (Municipal Transport Master Plan) तयार गरि सोहि अनुरुप प्राथमिकता आधारमा आवश्यक स्थानमा नयाँ ट्र्याक खोल्ने तथा सडक स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ पहिरोबाट बन्द बाटो खोल्ने कार्यका लागि छुट्टै बजेट व्यवस्थापन गरिनेछ ।पहिरो नियन्त्रणको लागि छुट्टै योजना बनाई कार्यन्वयन गरिनेछ ।
- ❖ गाउँपालिका भित्रका सडक सञ्जाल जोड्न आवश्यक स्थानमा मोटरेबल तथा झोलुङ्गे पुल निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- ❖ वहुवर्षीय आयोजनाको रुपमा निर्माणाधीन योजनाहरु निर्माण कार्य सम्पन्न गरी पूर्ण क्षमतामा सञ्चालनमा ल्याईनेछ ।
- ❖ नयाँ भवनको आवश्यकता र प्राथमिकताको आधारमा भवन निर्माण स्थल प्राप्ति पश्चात मात्र नयाँ भवन निर्माण कार्यको लागि बजेट व्यवस्थापन गरिनेछ।
- ❖ आवश्यकता र मागको आधारमा सिंचाई कुलो र सिंचाई पोखरीको निर्माण गरि कृषि उत्पादन बढाउने कार्य गरिनेछ ।
- ❖ एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ❖ खानेपानी शुद्धताका लागि खानेपानी गुणस्तर परिक्षण गर्ने कार्य सुरुवात गरिनेछ ।
- ❖ सबै वडामा रहेका निजि स्वामित्वमा रहि मोटर बाटोको निर्माण भएको जग्गाको लगत कट्टा गर्नका लागि आबश्यक पहल गरिनेछ।
- ❖ गाउँपालिका भित्रका सरकारी तथा सार्वजनिक जग्गाको तथ्याङ्क संकलन तथा अध्याबधिक गरी सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गरिनेछ।
- ❖ घर नक्शा अभिलेखिकरणको कार्यलाई पूर्णता दिई नक्शापास कार्यलाई निरन्तरता दिईनेछ ।

**सभा सदस्यज्यूहरु :-**

**वन, वातावरण तथा विपद् व्यवस्थापन :-**

- डिभिजन बन कार्यालय रोल्पा तथा सुवर्णावती सव डिभिजन वन कार्यालय सुलिचौरसँगको समन्वयमा सामुदायिक वन उपभोक्ता समितिबाट वन पैदावार विक्रि तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउने व्यवस्था गरिनेछ । वन पैदावारको विक्रि वापत गाउँपालिकालाई प्राप्त हुने नियमानुसारको राजश्व रकम गाउँपालिकाको कोषमा जम्मा गर्ने प्रवन्ध मिलाईनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिबाट प्राप्त हुने राजश्व रकमको निश्चित प्रतिशत रकम सम्बन्धित सामुदायिक वनको उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धिका लागि खर्च गर्ने प्रवन्ध मिलाईनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिहरुलाई आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र लेखा परिक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने प्रावधान मिलाईने छ ।
- गाउँपालिका र सुवर्णावती सव-डिभिजन वन कार्यालयसंगको समन्वय र सहकार्यमा नर्सरीको व्यवस्था गरि खालि क्षेत्रमा वृक्षारोपन गरिनेछ तथा गाउँपालिका भित्रका सडकका दायाँबायाँ वृक्षारोपण गरिने व्यवस्थालाई तिव्रतका साथ अघि बढाईनेछ ।
- सरोकारवाला निकाय तथा संघ संस्थाको समन्वय र सहकार्यमा विपद्मा हुन सक्ने घटना र उद्दार सम्बन्धी समुदायमा जनचेतना मुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- विपद् पिडितहरुको राहत तथा उद्दारमा सहयोग पुर्‍याउन स्थापना गरीएको कोष बृद्दि गरिनेछ ।
- फोहोरमैलाको दीर्घकालिन व्यवस्थानका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- बादर मृग हरिण दुंसी बदेल लगायतका जिवजन्तुबाट बालिनालीमा हुने क्षति न्यूनिकरण गर्न संघीय सरकारले अघि सारेको नीति कार्यान्वयनका लागि गाउँपालिकाबाट अधिकतम प्रयास र पहल गरिनेछ ।

**सभा सदस्यज्यूहरु :-**

**सुशासन तथा सेवा प्रवाहः**

- राष्ट्रसेवक कर्मचारीहरुलाई कामप्रति उत्प्रेरित गर्न तथा गाउँपालिकावाट प्रवाह हुने सेवाको गुणस्तर वृद्धी गर्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ साथै कामसंग सम्वन्धित विषयमा आवश्यक क्षमता अभिवृद्धि तथा पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ ।
- स्थानीय तहको कार्यप्रकृतिका विषयमा अन्तर स्थानीय तहमा भए गरेका उदाहरणीय कार्यलाई अनुशरण गर्न तथा सिकाई आदान प्रदान गरी सेवा प्रवाह र सुशासन कायम गर्न जोड दिईनेछ ।
- सेवा प्रवाहलाई सेवाग्राहीमैत्री,सरल,सहज र छिटोछरितो बनाउन तथा भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, अपारदर्शिता, गैरजिम्मेवारीपन जस्ता क्रियाकलाप हुन नदिन प्रवर्द्धनात्मक,निरोधात्मक र उपचारात्मक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरी भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता कायम गरिनेछ ।

- गाउँपालिकाबाट प्रदान गरिने विशेष प्रकृतिका सेवाहरु सेवाग्राहीको हितलाई ध्यानमा राखि सेवाग्राहीको घर आगनमै सेवा उपलब्ध गराउन घुम्ती सेवाका कार्यक्रमहरुलाई आवश्यकता अनुसार थप गरी नियमित कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- **"हाम्रो पालिका: प्रविधिमैत्री पालिका"** भन्ने नारालाइ साकार पार्न सुनिलस्मृति गाउँपालिकाको सवै गतिविधि र सूचनामा नागरिकको पहुँच अभिवृद्धी गरी सार्वजनिक सेवा प्रवाहलाई उच्चतम प्रविधिमैत्री बनाई क्रमश: पेपरलेस,फेसलेस स्थानीय सरकारको अवधारणा अगाडि बढाइनेछ।
- गाउँपालिकाको काम कार्वाहीका विषयमा कुनै गुनासो भएमा गुनासो सुनुवाईको लागि भरपर्दो व्यवस्था गरी चौमासिक तथा वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिदै विद्युतीय सेवाग्राही सन्तुष्टी सर्वेक्षण र सर्वेक्षण कार्डको प्रयोगलाई निरन्तरता दिइनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालय,वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने सेवाहरुको सूचि, जिम्मेवार ब्यक्ती तथा निकाय,लाग्ने समय र दस्तुर लगायतका विवरण स्पष्ट खुलाइ सवै सेवाग्राहीहरुको पहुँचमा रहने गरी पारदर्शि विद्युतीय सार्वजनिक सेवा वडापत्रको ब्यवस्था क्रमश: कार्यान्वयन गर्दै लगिनेछ।
- विभिन्न सेवा र कर्मको क्षेत्रमा ख्याती प्राप्त गरेका व्यक्तिहरुको Think Tank निर्माण गरी गाउँपालिकाको विकास र समुन्नतीका लागि बौद्धिक लाभ लिने कार्यलाइ निरन्तरता दिइनेछ ।
- टोल विकास संस्थाको क्षमता विकास गरि पूर्ण क्षमतामा परिचालन गरिनेछ । वडास्तरीय श्रममा आधारित योजना टोल विकास संस्था मार्फत कार्यान्वयन गर्ने व्यवस्थालाई थप मजवुद बनाइनेछ ।
- योजना अनुगमनको कार्यलाई तथ्यपरक र वास्तविक तथा नतिजामूलक वनाई सुशासनको अभिन्न पाटोको रुपमा अवलम्वन गरिनेछ।
- उपभोक्ता हकहित संरक्षणको लागि बजार अनुगमन कार्यलाई तीव्रता दिई स्वस्थ र स्वच्छ उपभोग्य वस्तुको उपभोग गर्न पाउने नागरिकको अधिकारलाई संरक्षण र सम्वर्द्धन गरिनेछ।
- सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन सम्बन्धमा गाउँपालिकाबाट हुने खरिद कार्यलाई व्यवस्थित गर्न स्थानीय खरिद नियमावलीको अक्षरस: कार्यान्वयन गर्दै खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गरी एकद्वार प्रणालीबाट खरिद गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका तथा मातहतका निकायको चल अचल सम्पत्तिको संरक्षण र व्यवस्थापनको उचित प्रवन्ध मिलाइनेछ ।
- सामाजिक संघ संस्थाको पारदर्शिता र सामाजिक उत्तरदायित्व सुनिश्चितता गर्ने तथा निजी क्षेत्रको व्यावसायिक सामाजिक उत्तरदायित्वलाई नियमन गरी कार्यान्वयनमा ल्याइनेछ ।
- वित्तीय अनुशासन कायम राख्न तथा आर्थिक कारोवारमा मितव्ययीता,पारदर्शिता, जवाफदेहिता, प्रवर्द्धन कायम गर्दै आर्थिक कारोवारको लेखा राख्ने,लेखापरीक्षण गराउने, पेश्की र बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं फछ्र्यौट गर्ने र अद्यावधिक गराउने कार्यलाई प्रविधिमैत्री बनाइ विशेष प्राथमिकताका साथ आर्थिक कारोवारलाई ब्यवस्थित अभिलेखको माध्यमवाट अनियमित र वेरुजु रकमलाई शुन्यमा लगिनेछ ।

- कार्यस्थलको सुरक्षा तथा सार्वजनिक सम्पत्तीको संरक्षण, बजार ब्यवस्थापन, फोहोरमैला ब्यवस्थापन, विकास निर्माण, राजस्व संकलन, विपद् ब्यवस्थापन र उद्धार तथा राहत लगायतका कार्यहरुमा गाउँपालिका नगर प्रहरीलाई परिचालन गरिनेछ ।
- गाउँपालिकाको संस्थागत सुशासन र मानव संशाधन विकासका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुसँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

**सभा सदस्यज्यूहरु :-**

- न्यायिक समितिका सवै प्रकारका काम कार्वाहीलाई नागरिक मैत्री बनाईने छ ।उजुरी दर्ता, रेकर्ड तथा फछ्र्यौट सम्बन्धी क्रियाकलापलाई सवै नागकरिकले देख्न र हेर्न मिल्ने गरी अनलाईन रेकर्डिङ रिपोर्टिङको व्यवस्था मिलाईने छ ।
- मेलमिलापकर्ताहरुलाई थप प्रोत्साहनको व्यवस्था गरि सवै प्रकारका विवादहरु मेलमिलापको माध्यमबाट निरुपण गर्न आवश्यक क्षमता विकास तथा पुनर्ताजगिय तालिमको व्यवस्था मिलाईनेछ ।
- न्यायिक समितिको कार्यसम्पादन क्षेत्राधिकारका विषयमा नागरिक तथा विद्यालयहरुमा न्यायिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- वस्तीवस्ती अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्थानीय सरकारसंग जनता कार्यक्रमलाई निरन्तर दिइनेछ ।
- महिलासंग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइन्छ ।
- सुनिलस्मृति डायरी रेडियो कार्यक्रमबाट गाउँपालिकाबाट भए गरेका हरेक क्रियाकलापहरुलाई नागरिकमा सु-सूचित गरिने छ ।

२०७३
सुलिचौर, रोल्पा

धन्यवाद ।